# जडीबुटीहरुको असल खेती तथा संकलन आचार संहिता




**परिभाषा**

उचित तरीकाले खेती तथा संकलन गरी स्वस्थ्य र गुणस्तरीय जडीबुटीहरुको उत्पादन गर्ने प्रविधि लाई नै जडीबुटीहरुको असल खेती तथा संकलन संहिता भनिन्छ

**उद्देश्य**

- सामाजिक सुरक्षा
- वातावरण संरक्षण
- गुणस्तरिय जडीबुटी उत्पादन
- मुल्य अभिवृद्धि







## जडीबुटीको पहिचान

वैज्ञानिक नाम, अंग्रेजी नाम, स्थानीय नाम फोटो तथा गुणस्तर पहिचान, वंशाणुश्रोत अभिलेख राख्ने ।

## जग्गा छनौट

प्रजाती अनुसारको प्रदुषणरहित माटो र हावापानी साथै स्वच्छ पानीको श्रोत भएको छनौट गर्ने ।

## विरुवा रोपण

स्वस्थ तथा गुणस्तरिय विउ विजन, सहि दुरी, सहि प्रविधि, जैविक मल, सफा प्रदुषण रहित पानी, फोहरा, थोपा सिंचाई, स्वच्छ कृषि औजार आदीको प्रयोग

## संकलन

रसायनिक तत्व वृद्धि हुने सहि समय पहिचान गरी सुख्खा मौसममा अरु विरुवाहरुको मिसावट नगरी अन्य विरुवालाई असर नपारी सफा बोरा वा डोकाहरुमा संकलन गर्ने

## प्रसोधन

संकलित सामाग्री सफा पानीले धुने, केलाउने, पातलो गरी घाम वा छायामा सुकाउने

## भण्डारण

राम्ररी सुकेको रोग नलागेको जडीबुटीहरुलाई ओवानो सफा बोरा वा थैलोमा राखि सुख्खा हावा लाग्ने ठाउँमा भण्डारण गर्ने । किरा जनावर संक्रमणबाट बचाउने

## जनशक्ति

संलग्न व्यक्तिहरुको स्वास्थ्य सुरक्षा सुनिश्चितता तथा तालिम प्राप्त हुनु पर्ने

## कृषि औजारहरु

प्रयोग गरिएका औजारहरु चुस्त दुरुस्त, सफा तथा जिवाणु संक्रमण रहित राख्ने ।

## अभिलेखिकरण

विरुवा रोपण देखि संकलन सम्मको विधि रेकर्ड अभिलेख राख्ने ।

हरेक भण्डारण गरिएको बोरा वा पाकेटहरुमा नाम, लट नं. संकलन गरिएको मिति आदीको लेवल राख्ने

## मुख्य सिद्धान्त

- जडीबुटीको सहि पहिचान
- सुक्ष्म जिवाणु र अजैविक संक्रमण रहित स्वच्छ र गुणस्तरीय उत्पादन
- मानवीय स्वास्थ्य सुरक्षाको सुनिश्चितता
- वातावरण र जैविक विविधता संरक्षण







PTB

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वनस्पति विभाग, थापाथली, काठमाण्डौ